# पाठ २०

१. यद्यपि हाम्रा पुर्खाहरूले परमेश्वरलाई अस्वीकार गरे तापनि के परमेश्वरले तिनीहरूलाई बचाउने निर्णयमा संशोधन गर्नुभयो ?

- गर्नुभएन ।

२. किनभने हाम्रा धेरैजसो पुर्खाले परमेश्वरलाई अस्वीकार गरेका थिए त्यसैले परमेश्वरले एकजना कोद्वारा उद्धारकर्ता पठाउने भनेर तिनलाई चुन्नुभयो ?

- अब्राम

३. के परमेश्वरले अब्रामलाई यसकारणले चुन्नुभयो किनकि तिनले पाप गरेका थिएनन् ?

- होइन ।
- अब्राम पापमा जन्मेका थिए ।

४. त्यसोभए परमेश्वरले किन अब्रामलाई चुन्नुभयो त ?

- अब्रामले तिनको पापले तिनलाई मृत्युमा पुऱ्याउँछ भनेर विश्वास गरे ।
- अब्रामले केवल परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भनेर विश्वास गरे ।

- अब्रामले परमेश्वरले उद्धारकर्ता पठाउनुहुनेछ भनी विश्वास गरे ।

५. अब्रामले साराईसँग विवाह गरे, तिनीहरूका कतिजना छोराछोरी थिए ?

- एकजना पनि थिएनन् ।

६. अब्राम र साराईका किन छोराछोरी थिएनन् ?

- किनभने साराई बाँझी थिइन् ।

७. परमेश्वरले अब्रामलाई के गर्न आज्ञा दिनुभयो ?

- परमेश्वरले अब्रामलाई तिनको देश छोड्न आज्ञा दिनुभयो र परमेश्वरले तिनलाई जहाँ डोर्‍याउनुहुन्छ त्यहीँ जान भन्नुभयो ।

८. परमेश्वर अब्रामसँग उहाँको आवाजद्वारा बोल्नुभयो, अहिले परमेश्वर हामीसँग कसरी बोल्नुहुन्छ ?

- आजभोलि परमेश्वर धेरैजसो हामीसँग उहाँको पुस्तक बाइबलद्वारा बोल्नुहुन्छ ।

९. परमेश्वरले अब्रामसँग के प्रतिज्ञा गर्नुभयो ?

- पहिलो, परमेश्वरले अब्रामका धेरै दरसन्तानहरू हुनेछन् जो महान् बन्नेछन् भनी प्रतिज्ञा गर्नुभयो ।

- दोस्रो, परमेश्वरले अब्रामलाई आषिश् दिनुहुनेछ भनी प्रतिज्ञा गर्नुभयो ।

- तेस्रो, परमेश्वरले यो प्रतिज्ञा गर्नुभयो कि जसले अब्रामलाई आषिश् दिन्छ त्यसलाई उहाँले आषिश् दिनुहुनेछ तर जसले अब्रामलाई सराप दिन्छ त्यसलाई उहाँले सराप दिनुहुनेछ ।
- चोथौ, परमेश्वरले अब्रामको एक दरसन्तानद्वारा सबै मानिसहरूलाई आषिश् दिनुहुनेछ भनी प्रतिज्ञा गर्नुभयो ।

१०. अब्रामका दरसन्तान को हुनुहुनेथियो, जसद्वारा सबै मानिसहरू आषिशित हुनेथिए ?

- उद्धारकर्ता ।

११. उद्धारकर्ताले के गर्नुहुने थियो ?

- उद्धारकर्ता पापको शक्ति पराजित गर्न आउनुहुनेथियो ।
- उद्धारकर्ता मृत्युको शक्ति पराजित गर्न आउनुहुनेथियो ।
- उद्धारकर्ता शैतानको शक्ति पराजित गर्न आउनुहुनेथियो ।
- उद्धारकर्ता परमेश्वर र मानिसलाई फेरि एकपटक सँगै जुटाउन आउनुहुनेथियो ।

१२. के अब्रामले परमेश्वरको प्रतिज्ञामाथि विश्वास गरे ?

- गरे ।

१३. परमेश्वरले अब्रामसँग प्रतिज्ञा गरिसकेपछि अब्रामले के गरे ?

- अब्राम जहाँ बसोबास गर्थे त्यो देश छोडे र जहाँ परमेश्वरले
  तिनलाई डोर्‍याउनुभयो त्यो देशमा गए ।

१४. अब्रामलाई परमेश्वरले कहाँ डोर्‍याउनुभयो ?

- परमेश्वरले अब्रामलाई कनान नाउँ गरेको नयाँ भूमिमा लैजानुभयो
  ।

- लोत को हुन् भन्ने तपाईं सम्झिन सक्नुहुन्छ ?

- लोत अब्रामका भतिजा हुन् जो अब्रामसँगै कनान आएका थिए ।

- एकदिन अब्राम र लोतका बीचमा केही समस्या देखापर्‍यो ।

आउनुस् उत्पत्ति १३:५-७ पद पढौं ।

[5]त्यस समयमा लूत पनि अब्रामसित यात्रा गरिरहेको थियो अनि
तिनीसँग पनि पशुहरू र पालहरू धेरै नै थिए। [6]अब्राम र लूतसित
यति धेरै पशुहरू र सर-समानहरू भएकाले जग्गाको अभावले
तिनीहरूलाई एकैठाउँ सँगै बस्न असम्भव भयो। [7]त्यसै समयमा
त्यस भूमिमा कनानी, परिज्जी मानिसहरू पनि बस्थे। अब्राम र
लूतका गोठालाहरू एक-अर्कासँग झगड़ा। गर्न थाले।

- अब्राम र लोतका बीचमा देखा परेको समस्या के थियो ?

- अब्रामका धेरै भेडा र बस्तुभाउहरू थिए ।

- लोतका पनि धेरै भेडा र बस्तुभाउहरू थिए ।
- अब्राम र लोत दुवैका धेरै भेडा र बस्तुभाउहरू भएको कारणले गर्दा त्यहाँ चरनको अभाव थियो ।
- त्यो समस्या समाधान गर्नको निम्ति अब्रामले के विचार गरे ?

आउनुस् उत्पत्ति १३:८-९ पद पढौं ।

8 यसर्थ अब्रामले लूतलाई भने, "हामीहरू सबै दाज्यू-भाइहरू हौं, यसर्थ
तँ र म अथवा तेरा मानिसहरू र मेरा मानिसहरू भनेर झगडा़ हुनु
हुँदैन। 9 हामी अलग-अलग बसौं र तँ आफ्नो इच्छा अनुसार ठाउँ
रोज, यदि तँ देब्रेतिर गइस् भने म दाहिने तिर जानेछु र यदि तँ
दाहिनेतिर गइस् भने म देब्रेतिर जानेछु।"

- अब्रामले तिनी र लोत अलग हुनुपर्छ भनी विचार गरे ।
- अब्रामले लोतले जहाँ चाहन्छन् त्यो ठाउँ छान्नुपर्छ भनी विचार गरे ।
- यदि लोतले बस्नको लागि मैदानी इलाका छान्थे भने अब्रामले पहाडी इलाका छान्ने थिए ।
- यदि लोतले बस्नको लागि पहाडी इलाका छान्थे भने अब्रामले मैदानी इलाका छान्ने थिए ।

- आउनुस् लोतले कहाँ बस्न छाने भनी पढौं ।

आउनुस् उत्पत्ति १३:१०-११

[10] लूतले भूमि खोजे अनि यर्दन नदीको बेंसीमा चाँहि पानी प्रशस्त भएको पाए। (यो परमप्रभुले सदोम र गमोरा ध्वंश पार्नु भन्दा अघिको कुरो हो। त्यस समयमा सोअरपट्टी यर्दनको बेंसी परमप्रभुको बगैंचा जस्तै थियो। यो भूमि मिश्रदेशको झैं राम्रो थियो।)
[11] यसर्थ लूतले आफू बस्नको निम्ति यही भूमि रोजे र ती दुइ व्यक्तिहरू छुट्टीए अनि लूतले पूर्वतिर यात्रा शुरू गरे।

- लोतले मैदानी इलाकामा बस्न मन गरे ।
- लोतले किन मैदानी इलाकामा बस्न मन गरे ?
- किनभने तिनका भेडा र बस्तुभाउहरूलाई खुवाउनको लागि त्यहाँ धेरै घाँस थियो ।
- लोतले केवल घाँसको बारेमा सोचिरहेका थिए ।
- लोतले केवल तिनका धेरै भेडा र बस्तुभाउहरूको बारेमा सोचिरहेका थिए ।
- लोतले केवल तिनको धनसम्पत्तिको बारेमा सोचिरहेका थिए ।
- लोतले मैदानी इलाकामा बस्ने भनी खराब छनौट गरे ।
- लोतले किन खराब छनौट गरे ?

- किनभने लोतले के गर्ने भनेर परमेश्वरलाई सोधेनन् ।
- किनभने लोतले परमेश्वरलाई सुन्न इन्कार गरे ।
- कयिनले परमेश्वरलाई सुन्न इन्कार गरे र तिनका भाइ हाबिलको हत्या गरे ।
- कयिनका दरसन्तानले पनि परमेश्वरलाई सुन्न इन्कार गरे ।
- कयिनका सबै दरसन्तानहरू बाढीमा बगेर मरे ।
- यदि हामीले परमेश्वरलाई सुन्न इन्कार गर्‍यौं भने के हुनेछ ?

- यदि हामीले परमेश्वरलाई सुन्न इन्कार गर्‍यौं भने हामी पनि मर्नेछौं ।
- यदि हामीले परमेश्वरको कुरा सुन्न इन्कार गर्‍यौं भने हामी अनन्त अग्निको दहमा पर्नेछौं जुनचाहिँ परमेश्वरले शैतान र उसका सहयोगीहरूका निम्ति तैयार पार्नुभएको हो ।
- के हामीलाई धेरै भेडा र बस्तुभाउ वा धनसम्पत्तिले अनन्त अग्निको दहमा पर्नबाट जोगाउँछ ?
- जोगाउँदैन ।
- लोतले परमेश्वरको कुरा सुन्न इन्कार गरे र मैदानी इलाकामा सरे ।

आउनुस् उत्पत्ति १३:१२-१३ पद पढौं ।

[12] अब्राम कनान भूमिमा रहे भने लूत बेंसीको शहरहरूमाझ बसे।
लूत सदोमतिर निकै पर दक्षिणपट्टी गए अनि त्यही आफ्नो पाल
बनाए। [13] सदोमका मानिसहरू परमप्रभुको नजरमा अत्यन्तै दुष्ट
थिए।

- मैदानी इलाकामा त्यहाँ दुईवटा शहर थिए ।
- ती दुई शहरको नाउँ सदोम र गमोरा थियो ।
- सदोम र गमोराका मानिसहरूले परमेश्वरमा विश्वास गर्दैनथे ।
- सदोम र गमोराका मानिसहरू एकदमै दुष्ट थिए ।
- के परमेश्वरले सदोम र गमोराका मानिसहरूको दुष्ट्याँइ देख्नुभयो ?
- देख्नुभयो ।
- के हामीले जे सोच्छौं त्यो परमेश्वरबाट लुकाउन सक्छौं ?
- सक्दैनौं ।
- के हामीले जे बोल्छौं त्यो परमेश्वरबाट लुकाउन सक्छौं ?
- सक्दैनौं ।
- के हामीले जे गर्छौं त्यो परमेश्वरबाट लुकाउन सक्छौं ?
- सक्दैनौं ।

- लोत मैदानी इलाकामा सरिसकेपछि परमेश्वरले अब्रामलाई के भन्नुभयो ?

आउनुस् उत्पत्ति १३:१४-१५ र १७ पद पढौं ।

[14] लूत गएपछि परमप्रभुले अब्रामलाई भन्नुभयो, “आफ्नो वरिपरि हेर, उत्तर, दक्षिण पूर्व, पश्चिमतिर हेर। [15] किनभने म तिमीलाई सम्पूर्ण भूमि दिनेछु जो तिम्रो आफ्नो आउँदो पुस्ताकोलागि हुनेछ अनि यो सदाका लागि तिम्रो भूमि हुनेछ।

[7] यसर्थ अघि बढ, आफ्नो सम्पूर्ण भूमिमा हिंड किनभने मैले यो तँलाईं दिएको छु।”

- परमेश्वरले अब्रामलाई कनानको सबै भूमि दिनेछु भन्नुभयो ।
- परमेश्वरले भन्नुभएको थप कुरा यहाँ छ ।

आउनुस् उत्पत्ति १४:५-६ पद पढौं ।

[5] यसर्थ राजा कदोर्लाओमेर अरू राजाहरूसित मिले जो उनको समर्थनमा थिए, तिनीहरूसित युद्ध गर्न आए। राजा कदोर्लाओमेर र तिनका सहयोगीहरूले अस्तरो कर्णोममा रपाईलाई पराजित गरे। तिनीहरूले हाममा जूजी मानिसहरू, शावे-किर्यामा एमीमका

मानिसहरूलाई परास्त गरे। [6]अनि तिनीहरूले सेईर एल्पारान पहाडी इलाकामा बसो-बास गर्ने होरीत मानिसहरूलाई पराजित गरे। (एल्पारान मरुभूमि नजिक छ)।

- परमेश्वरले अब्रामलाई तिनका दरसन्तानहरू आकाशका तारा जत्तिकै अनगिन्ती हुनेछन् पनि भन्नुभयो ।
- आकासमा कति ताराहरू छन् ?
- कसैले गन्न सक्नेभन्दा बढी ।
- यद्यपि अब्रामका अहिलेसम्म कुनै छोराछोरी थिएनन् तर परमेश्वरले तिनका दरसन्तान आकाशका तारा जत्तिकै अनगिन्ती हुनेछन् भन्नुभयो ।
- यद्यपि अब्रामका अहिलेसम्म कुनै छोराछोरी थिएनन् के अब्रामले परमेश्वरमा विश्वास गर्थे ?
- हो, गर्थे ।
- अब्रामले परमेश्वरले एकदिन तिनलाई छोराछोरी दिनुहुनेछ भनी विश्वास गरे ।
- अब्रामले तिनका दरसन्तानमध्येबाट एकजना उद्धारकर्ता हुनेछ जसलाई परमेश्वरले मानिसहरूलाई बचाउन पठाउनुहुनेछ भनी विश्वास गरे ।

- अब्रामलाई परमेश्वरले भन्नुभएको थप कुरा यहाँ छ ।

आउनुस् उत्पत्ति १३:१३-१६ पद पढौं ।

[13] लूतका मानिसहरूमा एकजना जो कैद भएको थिएन र हिब्रु
अब्राम भएको ठाउँमा गएर के भएको थियो वृतान्त दियो। त्यस
समय अब्राम एश्कोल र अनेर एमोरीको मम्रेको फलाँटको रूखहरू
नजिकै बसेका थिए। तिनीहरूले एक-अर्कामा सहायता गर्नु भनी
एउटा सम्झौतामा सही गरेका थिए। अनि तिनीले अब्रामलाई पनि
सहायता गर्ने सम्झौता सही गरे।

[14] जब अब्रामले लूत पक्राउ परेको समाचार पाए तिनले आफ्नो
सम्पूर्ण परिवारलाई बोलाए। आफ्नो परिवार भित्रका तीन सय
अठ्ठार जना प्रशिक्षित सेनाहरू लिई तिनी दानसम्म शत्रुहरूलाई
खेद्दै गए। [15] शत्रुहरूमाथि आक्रमण गर्न तिनले आफ्नो सेनाहरूलाई
राती दल-दलमा भाग गरी दमीसकसको उत्तर दिशामा पर्ने होबासम्म
खेदेर तिनीहरूलाई परास्त पारे। [16] अब्रामले आफ्नो भतिजो लूत र
उसको सम्पत्ति, स्त्रीहरू र अरू कैदीहरू दुबै फर्काएर ल्याए।

- परमेश्वरले यो पनि भन्नुभयो कि अब्रामका सन्तानहरू बसोबास गर्नलाई अर्को देशमा जानेछन्, ४०० वर्षपछि परमेश्वरले तिनीहरूलाई कनानको भूमिमा फेरि फर्काएर ल्याउनुहुनेछ ।
- अब्रामका सन्तानहरूलाई के हुनेछ भनी परमेश्वरले कसरी जान्नुभयो ?
- तिनीहरू जन्मिनुभन्दा पहिल्यै अब्रामका सन्तानहरूलाई के हुनेछ भनी परमेश्वरलाई थाहा थियो ।
- भोलि के हुनेछ भनी तपाईंलाई थाहा छ ?
- छैन ।
- अर्को महिना के हुनेछ भनी तपाईंलाई थाहा छ ?
- छैन ।
- अर्को वर्ष के हुनेछ भनी तपाईंलाई थाहा छ ?
- छैन ।
- तर परमेश्वरलाई सबै कुरा थाहा छ ।
- हामीलाई भोलि के हुनेछ भनी परमेश्वरलाई थाहा हुन्छ ।
- हामीलाई अर्को महिना के हुनेछ भनी परमेश्वरलाई थाहा हुन्छ ।
- हामीलाई अर्को वर्ष के हुनेछ भनी परमेश्वरलाई थाहा हुन्छ ।
- केवल परमेश्वरलाई मात्रै भविष्यमा के हुनेछ भनी थाहा हुन्छ ।

- जब अब्राम ९९ वर्षका पुगेका थिए परमेश्वर अब्रामसँग फेरि बोल्नुभयो ।

आउनुस् उत्पत्ति १७:१-५ पद पढौं ।

जब अब्राम 99 बर्ष पुगे परमप्रभु तिनी सामु प्रकट हुनुभयो। परमप्रभुले भन्नुभयो, "म सर्वशक्तिमान परमेश्वर हुँ। मसित सही पथ अनुशरण गर। [2] यदि तिमीले यसो गर्छौ, म हामीबीच एउटा करार तयार पार्नेछु। म तिम्रा सन्तानहरू व्यापक संख्यामा बढाउनेछु।"

[3] तब अब्राम परमेश्वरअघि नतमस्तक भए र परमेश्वरले तिनलाई भन्नुभयो। [4] "यो हाम्रो करारमा मेरो भाग हो। म तिमीलाई धेरै-धेरै जाति-समूहहरूको पिता बनाउनेछु। [5] तिम्रो नाउँ अब्राम रहने छैन- तिम्रो नाउँ अब्राहाम हुनेछ। म तिमीलाई यो नाउँ राख्दैछु कारण तिमीलाई म धेरै-धेरै जाति-समूहहरूको पिता बनाउँदैछु।

- परमेश्वरले अब्रामसँग कुरा गर्नुभयो र तिनको नयाँ नाउँ दिनुभयो ।

- परमेश्वरले अब्रामलाई दिनुभएको नयाँ नाउँ के थियो ?

- अब्राहाम ।

- परमेश्वरले अब्रामलाई किन नयाँ नाउँ दिनुभयो ?

- किनभने अब्राहामका धेरै दरसन्तानहरू हुनेवाला थिए ।

- परमेश्वरले साराईलाई पनि नयाँ नाउँ दिनुभयो ।

आउनुस् उत्पत्ति १७:१५-१६ पद पढौं ।

[15] परमेश्वरले अब्राहामलाई भन्नुभयो, "म साराईलाई नयाँ नाउँ
दिनेछु अनि तिम्री पत्नि साराईको नयाँ नाउँ सारा हुनेछ। [16] म
उसलाई आशीर्वाद दिनेछु। म उसलाई एउटा छोरा पनि दिनेछु अनि तँ छोराको बुबा हुनेछस्। तिनी धेरै राष्ट्रहरूको आमा हुनेछिन् अनि उबाट धेरै राजाहरू जन्मिनेछन्।"

- परमेश्वरले साराईलाई दिनुभएको नयाँ नाउँ के थियो ?

- सारा ।

- परमेश्वरले साराईलाई किन नयाँ नाउँ दिनुभयो ?

- किनभने सराका पनि धेरै दरसन्तानहरू हुनेवाला थिए ।

- परमेश्वरले साराईलाई किन नयाँ नाउँ दिनुभयो ?

- किनभने सराका पनि धेरै दरसन्तानहरू हुनेवाला थिए ।

- जब परमेश्वरले यो प्रतिज्ञा गर्नुभयो तब अब्राहामले के गरे आउनुस् पढौं ।

आउनुस् उत्पत्ति १७:१७ पद पढौं ।

17 परमेश्वरलाई सम्मान दर्शाउन अब्राहाम जमीनतिर मुख गरी घोप्टो भए। तर तिनले हाँस्दै आफैंसित भने, "म एक सय बर्षको भएँ, अब म छोरा जन्माउन सक्तिन। अनि सारा पनि नब्बे बर्षकी भई र उनले नानी जन्माउन सक्तिन।"

- अब्राहाम र सारा कति वर्षका भएका थिए ?

- अब्राहाम १०० वर्ष र सारा ९० वर्षका भएका थिए ।

- अब्राहाम किन हाँसे ?

- के परमेश्वरको कुरामा विश्वास नभएर अब्राहाम हाँसेका हुन् ?

- होइन ।

- त्यसोभए अब्राहाम किन हाँसे त ?

- अब्राहाम यसकारणले हाँसे कि तिनी १०० वर्षका भइसकेका थिए र सारा ९० वर्षकी थिइन् र परमेश्वर तिनीहरूलाई एउटा छोरो दिन जाँदै हुनुहुन्थ्यो ।

- के परमेश्वर १०० वर्षको बूढो र ९० वर्षकी बाँझी बूढीलाई छोरो दिन सक्षम हुनुहुन्थ्यो ?

- हो, हुनुहुन्थ्यो ।

- पहिलो मानिसको सृष्टि कसले गर्नुभएको हो ?

- परमेश्वरले ।

- पहिलो स्वास्नीमानिसको सृष्टि कसले गर्नुभएको हो ?

- परमेश्वरले ।

- हरेक बच्चालाई जीवन दिने को हुनुहुन्छ ?

- परमेश्वर ।

- के परमेश्वरले गर्न नसक्ने कुनै कुरा छ ?

- छैन ।

- परमेश्वरले चाहनुभयो भने १०० वर्षको बूढो र ९० वर्षकी बाँझी बूढीलाई पनि एउटा छोरो दिनसक्नुहुन्छ ।